# कृषि ज्ञान केन्द्र, दाङ्गको प्रस्ताव आव्हान म्याद थप सम्बन्धी सूचना

यस ज्ञान केन्द्र वाट मिति २०७६/१२/०४ गते नयाँ यूगवोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार विशेष परिस्थिति बस हाल सम्म कुनै पनि आवेदन प्राप्त नभएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मिति २०७७/०१/१८ सम्म दाङ र प्यूठान जिल्लाका ईच्छुक आवेदकहरुले आबश्यक कागजात सहित प्रस्ताब पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताब ईमेल मार्फत akcdang@gmail.com मा पनि पेश गर्न सकिनेछ। फलफूल विरुवा रोपन अभियान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ निवेदन र प्रस्ताबको ढाँचा यस केन्द्रको वेबसाईट dang.akc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**कार्यक्रम विवरण**

(घ) **कार्यक्रम :-** फलफूल विरुवा रोपन अभियान कार्यक्रम अन्तर्गत ब्यावसायिक प्रयोजनका लागि ब्यवसायिक खेतीको रुपमा फलफूल विरुवा रोपन

(ङ) **अभियान कार्यक्रममा समावेश गरिएको फलफूल :- दाङ जिल्ला-** आँप, लिची, कागती, केरा ,एभोकाडो ,अनार, मेवा र भुईकटहर
**प्यूठान जिल्ला-** सुन्तला, कागती, आँप, लिची, एभोकाडो, अनार र केरा

(च) **प्रस्ताब पेश गर्ने स्थानः-** दाङ जिल्लाको लागि कृषि ज्ञान केन्द्र ,दाङ र प्यूठान जिल्लाको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ (धान जोन), प्यूठान।

**(घ)मापदण्ड**

| क्र.सं. | विवरण | न्यूनतम् क्षेत्रफल (रोपनी) | अधिकतम अनुदान रकम रु | भाग लिन पाउने अनुदान ग्राही | अनुदान उपलब्ध हुने कृयाकलापहरु |
|---|---|---|---|---|---|
| १. | एउटा वगैचामा एक कृषकको कम्तिमा २ रोपनी भई एक क्लष्टर १ हेक्टर(२० रोपनी) हुनुपर्ने। | २० (१ हेक्टर) | बढिमा रु. एक लाख प्रति हेक्टर वा कुल लागतको ५० % मा जुन कम हुन्छ। | कृषक/कृषक समूह/कृषि सहकारी/कृषिफार्म/कम्पनी/सार्वजनिक संस्था/स्थानीय तह/सरकारी विद्यालय/क्याम्पस/गुठी/आश्रम/टोल विकास समिति/क्लब | जग्गा तयारी/ रेखाङ्कन/खाडल तयारी/मलखाद ब्यवस्थापन/ विरुवाखरिद/विरुवा ढुवानी/विरुवा रोपन/सिंचाई ब्यवस्थापन सामग्री/तारबार (वायो फेन्सीङ्ग) |

**ङ) पेश गर्नुपर्ने कागजातहरु**

१०. निवेदन फाराम कार्यविधिको अनुसूची-१ अनुसार।
११. कार्ययोजना कार्यविधिको अनसूची-२ अनुसार।
१२. कृषि फार्म/कम्पनी/कृषि सहकारीको हकमा दर्ता, नबिकरण, स्थायी लेखा नं., कर चुक्ता, लेखा परिक्षण प्रतिवेदन।
१३. कृषक समूहले दर्ता प्रमाण-पत्र र स्थायी लेखा नं. को प्रमाण पत्र को प्रतिलिपि।
१४. सार्वजनिक संस्था/ स्थानीय तह/सरकारी विद्यालय/क्याम्पस/गुठी/आश्रम/टोल विकास समिति/क्लबको हकमा अनिबार्य रुपमा सम्बन्धित निकायबाट स्वीकृति लिएको प्रमाणको प्रतिलिपि।
१५. कृषकको हकमा - निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपि
१६. जग्गाको स्वामित्व देखिने कागजात र करार सम्झौताको प्रतिलिपि (करार सम्झौता कम्तिमा १५ बर्षको हुनुपर्ने)।
१७. प्रस्तावकको प्रतिवद्धता-पत्र (साझेदारी रकम, दोहोरो अनुदान उपलब्ध नभएको)।
१८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र स्थानीय तहको कृषि विकास शाखाको सिफारिस पत्र।

**नोट :** थप जानकारीका लागि
प्यूठान जिल्ला: कृषि अर्थ बिज्ञ श्री उमेश चन्द्र श्रेष्ठ (९८४७८३८४९८) मा सम्पर्क गर्नुहुन।
दाङ जिल्ला: कृषि अधिकृत श्री फिर्तुमान चौधरी (९७५८००१९३८) मा सम्पर्क गर्नुहुन।

सन्देश धिताल
प्रमुख

सन्देश धिताल
प्रमुख
अधिकृत स्तर (नवौं तह)